सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा १८ बमोजिम
चितवन जिल्ला अदालतमा दायर गरिएको
अभियोग पत्र :

२०६३ सालको स.फौ.न......

चितवन जिल्ला, दिव्यनगर गा.वि.स.,वडा नं ३ सिस्वार बस्ने वर्ष ५९ को मगनराम चौधरी को जाहेरीले नेपाल सरकार..........................................................१ वादी

विरुद्ध

चितवन राष्ट्रिय निकुन्ज कार्यालय, कसराका रेन्जर, सोलुखुम्बु जिल्ला कागेल गा.वि.स.वडा नं १ बस्ने छत्रध्वज बस्नेतको छोरा वर्ष २४ को रितेश भुषण बस्नेत ......१

ऐ.का गेमस्काउट, चितवन जिल्ला, पिप्ले गा. वि. स. वडा नं १ बस्ने यम वहादुर खनाल ......................................................................................१

ऐ.का गेमस्काउट, चितवन जिल्ला अयोध्यापुरी गा. वि. स. वडा नं २ देवेन्द्रपुर माढी बस्ने केदार वहादुर गुरुङ्ग ...........................................................१ प्रतिवादीहरु

ऐ.का प्रमुख संरक्षण अधिकृत, सोमनाथ अधिकारीको छोरा चितवन जिल्ला भ.न.पा. वडा नं १० बस्ने वर्ष ४९ को टिकाराम अधिकारी ..........................................१

ऐ.का सहायक संरक्षण अधिकृत, जिल्ला कास्की, हेम्जा गा.वि.स. वडा नं ९ बस्ने चित्र वहादुर कुँवरको छोरा वर्ष ३५ को कमल जंङ्ग कुँवर ..........................................१

मुद्दाः कर्तव्य ज्यान ।

<u>केशको संक्षिप्त व्यहोरा :</u>

गैडा मारी खाग विक्रि व्यवसाय गरेको अभियोगमा मिति २०६३।२।२१ गते पक्राउमा परेका चितवन जिल्ला दिव्यनगर गा.वि.स. वडा नं ३ बस्ने वर्ष ४६ को शिखाराम चौधरी ऐ. २८ गते राति अचानक विरामी भई मेडिकल कलेज भरतपुरमा भर्ना गरी उपचार गर्दा गर्दै ऐ. ३० गते मृत्यु भएकोले आवश्यक कारवाही गरी पाउँ भन्ने चितवन राष्ट्रिय निकुन्ज कार्यालय कसराको मिति २०६३।२।३० को पत्र ...